**२०७९ साल श्रावण ३१ गते मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** लुम्बिनी प्रदेश, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची २ मा हेरफेर सम्बन्धी सूचना स्वीकृत गर्ने,

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** जग्गा एकीकरण सम्बन्धी नियमावली ,२०७९ को नियम ४ बमोजिमको उच्च स्तरीय निर्देशक समितिमा विज्ञ सदस्यहरुको सेवा सुविधा निर्धारण गर्ने,

३. **अर्थ तथा सहकारी मन्त्रालयः** आर्थिक वर्ष २०७८/७९मा आर्थिक दायित्व सिर्जना भई भुक्तानी क्रममा सरकारी लेखा प्रणालीमा आएको समस्याको कारणले भुक्तानी दिन नसकिएको भनी लेखा उत्तरदायी अधिकृतबाट सिफारिस भएको अवस्थामा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरुले भुक्तानी दिन बाँकी विवरण (म.ले.प.फा.न.२२१) प्रमाणित गरी दिन स्वीकृत प्रदान गर्ने,

४. **आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयः** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (तेस्रो संशोधन) निर्देशिका,२०७९ स्वीकृत गर्ने,

५. **आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयः** हवाई उद्दार सम्बन्धी कार्यविधि,२०७९ स्वीकृत गर्ने,

६. **पर्यटन,ग्रामीण तथा सहरी विकास मन्त्रालयः** लुम्बिनी प्रदेश पर्यटन विकास परिषद्को संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने,

७. **वन तथा वातावरण मन्त्रालयः** वन पैदावार आपूर्ति समिति सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने,

८. **शिक्षा तथा खेलकुद मन्त्रालयः** प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन समन्वय समितिको उपाध्यक्ष पदमा श्री मशहुद खाँ कपिलवस्तुलाई मनोनयन गर्ने,

९. **स्वास्थ्य मन्त्रालयः** आईसोलेसन अस्पतालहरुको सेवा निरन्तरता र अस्पतालमा कार्यरत जनशक्तिको करार म्याद सम्बत् २०७९ भाद्र मसान्तसम्म थप गर्ने ।